# गणेशमान चारनाथ नगरपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७६

नगर कार्यपालिकावाट स्वीकृत मिति : २०७६।०४।०९

नेपालको संविधानको अनुसूचि ८ बमोजिम स्थानीय तहको एकल अधिकार सुची र स्थानीय सरकार संचालन ऐनको दफा ११ को उपदफा (२) को बुँदा (घ) स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्वन्धमा व्यवसाय कर संकलन गर्न र नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न व्यापार, व्यवसाय, कृषि र पशु उत्पादन सँग सम्वन्धित फर्मको लगत राख्न वाञ्छनीय भएकोले गणेशमान चारनाथ नगरकार्यपालिकाले यो कार्यविधि जारी गरि लागु गरेको हो।

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "गणेशमान चारनाथ नगरपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७६" रहनेछ।

ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "व्यवसाय" भन्नाले गणेशमान चारनाथ नगरपालिकाभित्र संचालन हुने वस्तु तथा सेवा प्रदान गरी नगद आय आर्जन गर्न सक्ने सबै किसिमका पेशा वा कारोवारलाई सम्झीनु पर्दछ।

ख) "दर्ता" भन्नाले नगरपालिका क्षेत्रभित्र संचालन भएका पेशा व्यवसायलाई नगरपालिकाले अभिलेखिकरण गरी पेशा संचालन अनुमति दिने कार्यलाई बुझ्नु पर्दछ।

ग) "नविकरण" भन्नाले व्यवसाय दर्ता गरिसकेपछि हरेक आ.व. को सुरुमा नगरपालिकाले निश्चित शुल्क लिई पुनः १ वर्षको लागि दिइने अनुमतिलाइ बुझ्नु पर्दछ।

घ) "आर्थिक ऐन" भन्नाले चालु आर्थिक वर्षको लागि गणेशमान चारनाथ नगरपालिकाको नगरसभाले पारित गरेको आर्थिक ऐनलाई बुझ्नु पर्दछ।

ङ) "नगरपालिका" भन्नाले गणेशमान चारनाथ नगरपालिकालाई सम्झनु पर्दछ।

३. दर्ता नगरी व्यवसाय गर्न नहुनेः

नगरपालिकामा दर्ता नगरी कुनैपनि व्यवसाय संचालन गर्न पाइनेछैन।

४. व्यवसाय दर्ताः

क) व्यवसाय दर्ताको लागि हरेक वडाले आफ्नो वडाभित्र रहेका व्यवसायीहरुलाई वडा कार्यालयबाट नै व्यवसायको वर्गिकरण गरी रितपूर्वक दर्ता गरी अनुसुचि १ बमोजिमको प्रमाणपत्र प्रदान गर्नेछ ।

ख) व्यवसायको वर्गीकरण नगरपालिकाको आर्थिक ऐनले तोकेबमोजिम हुनेछ ।

ग) व्यवासाय दर्ताको लागि तपशिल वमोजिमको कागजपत्र आवश्यक पर्नेछ

१. अनुसुचि २ बमोजिमको निवेदन

२. व्यवसायीको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, विदेशीको हकमा पासपोर्ट र नेपाल सरकारले व्यवसाय संचालन गर्न प्रदान गरेको अनुमति पत्रको प्रतिलिपि,

३. २ प्रति पासपोर्ट साइजको फोटो

४. मु.अ. कर, प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपि

५. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा सम्झौतापत्र तथा जग्गाको जग्गा धनी पुर्जाको छाँयाप्रति

६. चार किल्ला सर्जमिन मुचुल्का (अनुसूचि ३ बमोजिमको ढाँचामा)

घ) सामुहिक व्यवसायको हकमा समुहको सवै सदस्यको नागरिकताको प्रतिलिपि र संयुक्त निवेदन

ङ) व्यवसाय दर्ता शुल्क आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

५. व्यवसाय नवीकरण तथा दण्ड जरिवाना :

क) वडा कार्यालयले दर्ता भएका व्यवसायलाई हरेक आर्थिक वर्षमा नविकरण गर्नेछ ।

ख) नविकरण गर्दा अनुसुचि ४ बमोजिमको ढाँचामा व्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ग) व्यवसाय नविकरण शुल्क आर्थिक ऐनमा तोकीए वमोजिम हुनेछ ।

घ) प्रत्येक व्यवसायीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र आ आफ्नो व्यवसायको नवीकरण गराउनु पर्नेछ । तोकिएको समय भित्र व्यवसाय नवीकरण नगर्ने व्यवसायीलाई आर्थिक ऐनमा तोकिए बमोजिम दण्ड जरिवाना लिइ कार्यालयले नवीकरण गरिदिनेछ ।

६. व्यवसाय बन्द गर्नेः

क) नगरपालिका भित्र दर्ता भएको व्यवसाय वन्द भएमा वा वन्द गर्नु परेमा सम्वन्धित व्यवसायीले कारण खुलाई सम्वन्धित वडा कार्यालयमा निवेदन पेश पर्नेछ ।

ख) निवेदन प्राप्त भएपछि तपशिलको अनुगमन समितिले अनुगमन गरी सिफारिश गर्नेछ ।

| | |
|---|---|
| अ) सम्वन्धित वडाध्यक्ष | संयोजक |
| आ) सम्वन्धित वडाले तोकेको २ जना वडा सदस्य | सदस्य |
| इ) सम्वन्धित वडाका वडा सचिव | सदस्य सचिव |

ग) वडा कार्यालयले समितिवाट प्राप्त सिफारिसको आधारमा व्यवसाय दर्ता खारेज गर्नेछ ।

७. सम्बन्धित निकायमा समेत दर्ता हुनुपर्ने:

क) यस कार्यविधि वमोजिम नगरपालिका भित्र दर्ता भएका व्यवसायीहरु नेपाल सरकारले तोकेको अन्य निकायमा समेत दर्ता हुनुपर्नेछ ।

ख) यसकार्यविधि वमोजिम नगरपालिकामा दर्ता भएका व्यवसाय संघीय तथा प्रादेशिक कानुन अनुसारको दर्ता गर्न कुनै किसिमको छुट हुनेछैन ।

अनुसूचि १

# गणेशमान चारनाथ नगरपालिका

## .....नं. वडा कार्यालय

(व्यवसाय/उद्योग दर्ता प्रमाण-पत्र)

प्रोपराइटरको दुवैकान देखिने पासपोर्ट साइजको हाल सालै खिचेको फोटो

दर्ता नं. मिति :

प्रमाणपत्र संख्या :

कर क्षेत्र:

पुँजि:

१. व्यवसाय/फर्मको नाम :

२. प्रोप्राइटरको नाम :

३. बुवा वा पतिको नाम :

४. व्यवसायको किसिम :

५. संचालन गर्ने स्थान :

| | |
|---|---|
| ..................... | ............/.......... |
| वडा सचिव | वडाध्यक्ष |
| ......... नं. वडा कार्यालय | ........ नं. वडा कार्यालय |

नोट :

- निर्धारित व्यवसाय कर लिई यो प्रमाणपत्र दिइएको छ ।
- प्रमाणपत्र अरुलाई उपभोग गर्न दिन पाइने छैन ।
- प्रत्येक आर्थिक वर्षको शुरुमा वडा कार्यालयमा व्यवसाय नवीकरण गरि व्यवसाय कर बुझाउनुपर्नेछ ।
- तोकिएको समयमा व्यवसाय कर नबुझाएमा तोकिए अनुसारको जरिवाना लगाइनेछ ।
- व्यवसाय गर्ने स्थानमा सवैले देख्ने गरि प्रमाणपत्र राख्नु पर्नेछ ।
- विक्रि गरिने मालसामानको सवैले देख्ने गरि मुल्यसूची राख्नुपर्नेछ ।
- व्यवसाय छोड्नु वा नामसारी/ठाँउसारी गर्नुपूर्व वडा कार्यालयको स्वीकृति लिनुपर्नेछ ।
- सुर्तिजन्य/मादक पदार्थको वेचविखन गर्ने व्यवसायीलाई नगरकार्यपालिकाले पुन:निर्देशन दिन सक्नेछ ।

"गणेशमान चारनाथको समृद्धिको आधार" " कृषि, पर्यटन, जलश्रोत र भौतिकपुर्वाधार "

## नविकरण अभिलेख

| क्र. सं. | नवीकरण मिति | | प्रमाणित गर्ने पदाधिकारीको | | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | नाम | दस्तखत | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

रामबाबु यादव
नगर प्रमुख

अनुसूचि २

## व्यवसाय दर्ता निवेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू                                                  मितिः

.....नं. वडा कार्यालय, गणेशमान चारनाथ नगरपालिका, धनुषा ।

**विषय : व्यवसाय दर्ता गरी पाँउ ।**

वडा कार्यालयले व्यवसाय दर्ता सम्वन्धमा तपशिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी व्यवसाय दर्ता गराउन यो निवेदन पेश गरेको छु ।

तपशिलः

| १. | व्यवसाय दर्ता गर्न निवेदन पेश गर्ने व्यक्तिको विवरण | |
|---|---|---|
| नामः | ठेगानाः | मुख्य व्यक्तिको नाम |
| सम्पर्क नं. | पत्राचार गर्ने ठेगाना : | |

| २ | व्यवसाय दर्ता गर्नको लागि आवश्यक कागजात : | | |
|---|---|---|---|
| क) | व्यवसायको प्रकृति अनुसार लाग्ने शुल्क तिरेको रसिद | छ ( ) | छैन ( ) |
| ख) | नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी | छ ( ) | छैन ( ) |
| ग) | दूई प्रति पासपोर्ट साइजको फोटो | छ ( ) | छैन ( ) |
| घ) | घर वा जग्गा भाडा लिई व्यवसाय संचालन गर्ने भए सम्वन्धित धनीसँगको सम्झौता पत्र | छ ( ) | छैन ( ) |
| ङ) | आफ्नै घरमा व्यवसाय सन्चालन गर्ने भए चालु आ.व. सम्मको मालपोत र घर धुरी करतिरेको रसिदको प्रतिलिपि । | छ ( ) | छैन ( ) |

| | | |
|---|---|---|
| ३. | व्यवसायको प्रकृति | |
| ४. | व्यवसायको कुलपुँजि | |
| ५. | व्यवसाय सन्चालनगर्ने स्थान | |
| ६. | फर्म/व्यवसायको नाम | |
| ७. | कार्यालय प्रयोजनको लागि | |

| | | |
|---|---|---|
| दर्ता नं. : | आर्थिक वर्ष : | दर्ता मिति : |

..................................

निवेदकको हस्ताक्षर

अनुसूची ३

## चार किल्ला सर्जमिने मुचुल्का

लिखितम.................. जिल्ला .......................... गा.पा. न.पा वडा नं. .......मा स्थायी घर भई हाल ........................... गा.पा. न.पा. वडा नं........बस्ने श्री ........................................ का नाती नातीनी बुहारी श्री .................,.....................को छोरा छोरी पत्निवर्ष ....... को श्री ................................ ले गणेशमान चारनाथ नगरपालिका वडा नं. ...... को.............................. को नाममा जग्गा धनि प्रमणपुर्जा भएको पूर्व को .......... को जग्गा पश्चिमको ............. को जग्गा उत्तर को ........... को जग्गा र दक्षिणकों .............. को यति चार किल्लाभित्रको कित्ता नं. ............क्षेत्रफल ............ को जग्गामा उद्योग व्यवसाय कृषि तथा पशु फार्म सञ्चालन गर्न पाउँ भनि यस वडा कार्यालयमा पेश गर्नु भएको निवेदनको आधारमा कसैलाई वाधा विरोध नपर्ने सम्वन्धमा बुझन खटिई आउनु भएका वडा कार्यालयका कर्मचारी जनप्रतिनिधिले हामी तपशीलका व्यक्ति सँग सोधपुछ गर्नुभएकोमा उक्त कित्ता नं.. ... ...... को जग्गामा माथि उल्लिखित अनुसारको उद्योग व्यवसाय कृषि तथा पशु फार्म सञ्चालन गर्दा सार्वजनिक महत्वको स्थान विद्यालय, मठमन्दिर र संधियाहरुलाई वाधा नपर्ने भएकाले उल्लिखित कार्य गर्न हामी सहमत छौं ।

**पछि कुनै बाधा विरोध पऱ्यो भने उजुरी गर्ने छैनौ भनि सहि छाप गरिदियौँ ।**

तपशील :

१. पुर्वतर्फका संधियार ................वर्ष का श्री ............................................................ नागरिकता नं.
२.पश्चिमतर्फका संधियार..............वर्षका श्री ......................................................नागरिकता नं.
३. उत्तर तर्फका संधियार ............वर्षका श्री .......................................................नागरिकता नं.
४. दक्षिण तर्फका संधियार ...........वर्षका श्री ......................................................नागरिकता नं.

इति संवत ............साल.................महिना...............गते ...............रोज शुभम् ।